# कोरोना भाइरसको संक्रमण फ़ैलिएको कारण देश फ़र्कन समस्यामा परेकाहरुको लागि भिसामा बिशेष ब्यवस्था समाप्त हुने बारेमा

सन् २०२२ मे ३१ तारिख

जापान अध्यागमन बिभाग
Immigration Services Agency of Japan

## आगामी ब्यवस्था

○ देश बाहिर जाने ब्यक्तिहरु बढिरहेको अवस्था आदिलाई मध्येनजर गर्दै बिशेष रुपमा निवास अनुमति दिईएको बिदेशी नागरिकको बारेमा हाल रहेको भिसाको अवधि अनुसार निम्न अनुसारको देश फ़र्किने ब्यवस्था गरिने छ ।

### (१) भिसाको अवधी जुन २९ तारिखसम्मको ब्यक्ति

निम्न अनुसारको भिसा अवधीको नविकरणको अनुमति दिइने छ ।

क) "तोकुतेइ खाचुदोउ (६ महिना)" आदिमा बसिरहेको ब्यक्ति: "तोकुतेइ खाचुदोउ (४ महिना)"

ख) "छोटो बसाई (९० दिन)" मा बसिरहेको ब्यक्ति: "छोटो बसाई (९० दिन)"

नोट १) हाल अनुमति दिईएको सिमा भित्र निरन्तर काम गर्न सक्ने छ ।
नोट २) अर्को पटकको नविकरणको समयमा "तोकुतेइ खाचुदोउ (४ महिना)" वा "छोटो बसाई (९० दिन)" "यो पटकलाई मात्र" को रुपमा अनुमति दिइने छ ।

### (२) भिसाको अवधी जुन ३० तारिख पछिको ब्यक्ति

"यस पटकलाई मात्र" लाई निम्न अनुसार भिसा नविकरणको अनुमति दिइने छ ।

क) "तोकुतेइ खाचुदोउ (६ महिना)" आदिमा बसिरहेको ब्यक्ति: "तोकुतेइ खाचुदोउ (४ महिना)" 「

ख) "छोटो बसाई (९० दिन)" मा बसिरहेको ब्यक्ति: "छोटो बसाई (९० दिन)"

नोट १) हाल अनुमति दिइएको सिमा भित्र रही निरन्तर काम गर्न सकिने छ ।
नोट २) देश फ़र्कन समस्या भएको कारणले दिइने भिसा अनुमति यो पटक मात्रा हुने छ । यो पटक अनुमति दिइएको अवधि भित्रमा देश फ़र्किने तयारी गर्नुहोस ।
नोट ३) माथी उल्लेखित अनुमति प्राप्त भिसाको म्याद सकिएको खण्डमा भिसा अवधिको नविकरण गरिने छैन ।

### (३) पुन: देश फ़र्कन समस्या भएको कारणले भिसा चाहने ब्यक्ति

सन् २०२२ नोभेम्बर १ तारिखसम्ममा हाल भएको भिसाको म्याद समाप्त भएमा मात्र माथीको (२) को "यो पटकलाइ मात्र" भन्ने ब्यवस्था हुने छ ।

नोट) "तोकुतेइ खाचुदोउ (रोजगारी निरन्तरता सहयोग)" को बारेमा अधिकतम १ बर्ष (* "यो पटकलाइ मात्र" अनुमति दिइने छ ।

* "यो पटकलाइ मात्र" अनुमति लिने ब्यक्तिले "पुष्टिकरण कागजात" पेश गर्नु पर्ने हुन्छ ।

# बिशेष ब्यवस्था समाप्त हुने ब्यक्ति



| | लक्षित ब्यक्ति | अघिल्लो ब्यवस्था | नयां ब्यवस्था |
|---|---|---|---|
| १ | पूर्व प्राबिधिक प्रशिक्षार्थी | तोकुतेइ खाचुदोउ (६ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति) | तोकुतेइ खाचुदोउ (४ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति) |
| २ | पूर्व बिद्यार्थी | तोकुतेइ खाचुदोउ (६ महिना/देश फ़र्कन समस्या/हप्तामा २८ घण्टासम्म काम गर्ने अनुमति) | तोकुतेइ खाचुदोउ (४ महिना/देश फ़र्कन समस्या/हप्तामा २८ घण्टासम्म काम गर्ने अनुमति) |
| ३ | पूर्व मध्य/दिर्घकालिन वासिन्दा | तोकुतेइ खाचुदोउ (६ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति छैन) (*) | तोकुतेइ खाचुदोउ (४ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति छैन) (*) |
| ४ | छोटो अवधिका बासिन्दा | छोटो अवधिका बासिन्दा (९० दिन/देश फ़र्कन समस्या/काम गर्ने अनुमति छैन) (*) | छोटो अवधिका बासिन्दा (९० दिन/देश फ़र्कन समस्या/काम गर्ने अनुमति छैन) (*) |
| ५ | रोजगारी निरन्तरताको सहयोग योग्य व्यक्ति | तोकुतेइ खाचुदोउ (अधिकतम १ बर्ष/रोजगारी निरन्तरताको सहयोग/काम गर्ने अनुमति) | तोकुतेइ खाचुदोउ (अधिकतम १ बर्ष/रोजगारी निरन्तरताको सहयोग/काम गर्ने अनुमति)<br>नोट) नविकरणको समयमा ४ महिना |
| ६ | इन्टर्नशिप<br>(सुचना नं. ९)<br>उत्पादन ब्यवसाय बिदेशी कर्मचारी<br>(सुचना नं. ४२) | तोकुतेइ खाचुदोउ (६ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति) | तोकुतेइ खाचुदोउ (४ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति) |
| ७ | पूर्व विदेशी गृहकार्य सहयोगी कामदार | तोकुतेइ खाचुदोउ (६ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति छैन) (*) | तोकुतेइ खाचुदोउ (४ महिना/देश फ़र्कन समस्या/काम गर्ने अनुमति छैन) (*) |

*** भिसा बाहेकको गतिबिधि अनुमति लिएमा हप्तामा २८ घण्टासम्म काम गर्न सकिने**